नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ४-२०८०/८१
च. नं./pmep/ ५४०

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

मितिः २०८१/०२/१६
ने.स.११४४ बछलागा, ६ बुधवार

श्री गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालय सबै।
*मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,*
सिंहदरबार, काठमाडौं।

**विषयः रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) तथा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) मा नियमितरुपमा भौतिक तथा वित्तीय प्रगति विवरण प्रविष्ट गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक अवधि सम्ममा पनि अधिकांश स्थानीय तहले रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) तथा संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) मा नियमितरुपमा भौतिक तथा वित्तीय प्रगति विवरण प्रविष्ट नगरेको पाइएको छ। उक्त विवरणहरु प्रविष्ट नगरेको कारणले यथार्थ कार्य प्रगति नदेखिएको हुँदा सात दिन भित्र तपसिल बोजिमको प्रगति विवरण प्रविष्ट गरी अध्यावधिक (update) गर्नु हुन निर्देशानुसार अनुरोध छ ।

**तपसील**

१. चालु आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित कामका लागि पारिश्रमिक आयोजना, लाभग्राही विवरण, रोजगारी दिन, स्थानीय तहको बजेट साझेदारी तथा सम्बद्ध विवरण नियमितरुपमा EMIS मा प्रविष्ट गर्ने ।
२. चालु आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट, कामका लागि पारिश्रमिक लगायत प्रशासनिक खर्च विवरण SuTRA को विवरणसंग मेल खानेगरी नियमितरुपमा EMIS मा प्रविष्ट गर्ने ।
३. स्थानीय निकायको लेखा शाखासंग समन्वय गरी खर्च विवरण नियमितरुपमा SuTRA मा प्रविष्ट गर्ने गराउने।

२०८१/०२/१६
(मनोहर हरिजन)
तथ्याङ्क अधिकृत